आठविसकोट नगरपालिकाको ६७ औं नगर कार्यपालिकाको बैठक मिति २०७८ माघ २४ गतेका दिन नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक हलमा बस्यो। उक्त बैठकमा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीयो।

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोर्ख बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री गीता नेपाली | नगर उप प्रमुख | |
| ३ | श्री मणि राज शाह | नि. प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री देव बहादुर घर्ती | वडाध्यक्ष-१ | |
| ५ | श्री देव बहादुर यरी | वडाध्यक्ष-२ | |
| ६ | श्री केशरमान वि.क. | वडाध्यक्ष-३ | |
| ७ | श्री बाबुराम विष्ट | वडाध्यक्ष-४ | |
| ८ | श्री प्रजिते कामी | वडाध्यक्ष-५ | |
| ९ | श्री डिल बहादुर सार्की | वडाध्यक्ष-६ | |
| १० | श्री नवराज बुढा | वडाध्यक्ष-७ | |
| ११ | श्री मान बहादर चदारा | वडाध्यक्ष-८ | |
| १२ | श्री तारक बहादुर शाही | वडाध्यक्ष-९ | |
| १३ | श्री गंगाराम चनारा | वडाध्यक्ष-१० | |
| १४ | श्री हस्ते आग्री | वडाध्यक्ष-११ | |
| १५ | श्री खुम्बे कुसारी | वडाध्यक्ष-१२ | |
| १६ | श्री विनोद पुन | वडाध्यक्ष-१३ | |
| १७ | श्री हुकुम बहादुर पुन | वडाध्यक्ष-१४ | |
| १८ | श्री धन्नाम परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री सिता शाह | कार्यपालिका सदस्य | |
| २० | श्री मनकली कामी | कार्यपालिका सदस्य | |
| २१ | श्री कल्पना खड्का | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रेङ्का यरी | कार्यपालिका सदस्य | |
| २३ | श्री गोरख बहादुर कामी | कार्यपालिका सदस्य | |
| २४ | श्री आसीराम वि.क. | कार्यपालिका सदस्य | |
| २५ | श्री प्रभा मल्ल वि.क. | कार्यपालिका सदस्य | |
| अन्य उपस्थिति | | | |
| १ | गणेश बहादुर थापा | लेखापाल | |
| २ | श्री राजेश गौतम | इन्जिनियर | |
| ३ | श्री जय बहादुर बुढा | प्रशासन सहायक | |
| ४ | श्री इश्वर खड्का | सह लेखापाल | |
| ५ | श्री मुमे दमाई | कार्यालय सहयोगी | |
| ६, | कमल भट्टराई | रोजगार संयोजक | |
| ७ | ज्ञानु आचार्य | [illegible] | |
| ८ | नरेन्द्र कुमार | कम्प्युटर अपरेटर | |

आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम पश्चिम

**<u>६७औं नगर कार्यपालिकाको बैठकमा प्रस्तुत भएका प्रस्तावहरु</u>**

| क्र.सं. | प्रस्तावको विवरण | कैफियत |
|---|---|---|
| १ | सुरक्षित नागरिक आवास निर्माण सम्बन्धी प्रस्ताव | |
| २ | विविध समसामयिक विषयवस्तु सम्बन्धी प्रस्ताव | |

## ६७औं नगर कार्यपालिका बैठक(२०७८/१०/२४ गते)का निर्णयहरु :-

1. यस नगरपालिका क्षेत्रमा सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम अन्तरगत फुसको छाना विस्थापन गर्ने कार्यक्रम अन्तरगत यस आ व मा प्राप्त बजेटबाट गत आ व २०७७।०७८ मा सम्झौता गरी निर्माण भएका घर परिवारको दोस्रो किस्ता वापतको रकम भुक्तानी दिने र चालु आ व २०७८।०७९ को लागि १६०० घरधुरीको लागि माग गरी संघिय सरकार समक्ष लेखि पठाएको सन्दर्भमा माग गरेको कोटा अनुसारको बजेट प्राप्त भएमा वडा नं ३ मा उपयुक्त कोटा निर्धारण गरि बाँकी कोटा नगरपालिकाका अन्य वडाहरुमा समानुपातिक रुपमा वितरण गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।
2. यस नगरपालिकाको आ.व. २०७७/०७८ को **स्थानीय तहको संस्थागत क्षमता स्व:मूल्याङ्कन (LISA) कार्यक्रमको** नतिजा आवश्यक छलफल गरि अनुमोदन गरियो ।
3. यस नगरपालिकाको ठेक्का नं. NCB/AMO/W-10/075/076 बाट निर्माणाधिन नगर अस्पताल भवन निर्माण गर्न विभिन्न आइटम थप गरि निर्माण गर्नु पर्ने भएकोले लागत सम्झौता रकममा २५% नबढ्ने गरी भेरीयसन गर्न पेश भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।
4. यस नगरपालिकाको खेलकुद क्षेत्रको विकासलाई मध्येनजर गर्दै नगरपालिकाको केन्द्र रहेको वडा नं ९ मा सार्वजनिक/ऐलानी जग्गामा रङ्गशाला निर्माणका लागि के कसो गर्न सकिन्छ ? सो को विस्तृत परियोजना प्रतिवेदन ( DPR) तयार गर्न **परामर्श सेवा खरिद** गर्ने निर्णय गरियो ।
5. नगरपालिकाको प्रशासनिक भवनको लागि आवश्यक पर्ने थप जग्गा प्राप्तिको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।
6. वर्तमान संविधान र संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको आधारको रुपमा रहेको मिति २०५२ फाल्गुन १ गते देखि सञ्चालन भएको १० वर्षे जनयुद्ध सुरु भएको दिनको सम्झनामा मिति २०७८/११/०१ गतेका दिन यस नगरपालिका क्षेत्रभित्र सार्वजनिक बिदा दिने निर्णय गरियो ।
7. यस नगरपालिकाको आ.व. २०७४/०७५, आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ को महालेखा परिक्षकको कार्यालयको अन्तिम प्रतिवेदन अनुसार औंल्याइएका बेरुजुका विभिन्न दफाहरुमा उल्लिखित व्यहोरालाई पुष्टि गर्ने सम्परिक्षणका कागजात संकलन गरि फछ्यौंटका लागि आगामी नगर सभामा पेश गरि सो कार्य अघि बढाउने निर्णय गरियो ।
8. आर्थिक उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ बमोजिम यस नगरपालिकाको लेखा परिक्षण प्रतिवेदनको चुस्त कार्यान्वयन तथा वित्तिय व्यवस्थाको आन्तरिक नियन्त्रण राख्नको लागि कार्यालयका लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक र सदस्य रहने गरि तपसिल बमोजिमको ६ सदस्यीय लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|
| १ | संयोजक | श्री मणि राज शाह | आर्थिक उत्तरदायी अधिकारी |
| २ | सदस्य | श्री रत्न बहादुर परियार | योजना शाखा |
| ३. | सदस्य | श्री शेर बहादुर ओली | प्रशासन शाखा |
| ४. | सदस्य | श्री जय बहादुर बुढा | राजश्व उपशाखा |
| ५. | सदस्य | श्री राजेश गौतम | प्राविधिक शाखा |
| ६. | सदस्य सचिव | श्री गणेश बहादुर थापा | आर्थिक प्रशासन शाखा |

9. यस नगरपालिकाबाट आ.व. २०७७/०७८ मा सञ्चालित विभिन्न आयोजना परियोजना तथा कार्यक्रमबाट ५/१० प्रतिशतको रुपमा कट्टी गरि फरफारकको रुपमा राखिएको रकम लेखा परिइण प्रतिवेदनको प्राप्ति पछि मिति २०७८/०८/०४ मा फरफारक फिर्ता लिन भनी एक महिनाको समयसिमा रहेको सूचना बमोजिम २०७८/१०/१५ गते भन्दा पछि फिर्ता लिन नआएका उपभोक्ता समितिको हकमा मात्र लागू हुने गरि फरफारक रकम सदरस्याहा गरि आन्तरिक राजस्व खातामा जम्मा गर्ने र धरौटी कोषको हिसाव मिलान गर्ने निर्णय गरियो।

10. यस नगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजित रकमबाट देहायको उल्लिखित कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

| क्र.सं. | घटाउने | रकम | बढाउने | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मा वि साजेबगर, गोरखनाथ आवि पाटा, ज्ञानोदय मा वि वद्यतारा, सरस्वित मावि मिग्रिमालिका आवि छिमीभानुभक्त आवि औलिगाँउ, सिर्जना आवि घर्तिगाँउ, लोककल्याण आवि सन, हरि प वि घोरिलास, आवि घाँटीगौरा, जनविकास मावि टाकुरा र फर्साचौर विद्यालय भवन तथा पूर्वाधरा निर्माण | ४० लाख | नगरपालिकाको प्रशासनिक भवनको जग्गा प्राप्ति | १५लाख | |

11. यस नगरपालिकाको आ.व. २०७८/०७९ मा संघिय सशर्त अनुदानको रुपमा प्राप्त वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम अन्तरगत विनियोजित रकमबाट वडा नं ८ मा विजुलीको फलामे खम्बा ढुवानी तथा जडान तथा विद्युत विस्तारमा रु. ४ लाख २० हजार खर्च गर्ने निर्णय गरियो।

12. यस नगरपालिकाको मिति २०७८।१०।२३ गतेको RRT को बैठक निर्णय तथा समग्र कोभिड १९ को संक्रमण एवम् प्रभावलाई मूल्याङ्कन गरी नगरपालिका क्षेत्रका सम्पूर्ण विद्यालयहरु २०७८।११।०२ गतेसम्म सञ्चालन गरी सक्ने निर्णय गरियो।

13. यस नगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार संघिय सरकारबाट प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तरगत ५०% अनुदान साझेदारीमा ओखर पकेट कार्यक्रम सञ्चालनको क्रममा ओखरका विरुवाको लागत मूल्यमा महङ्गी हुन गई नगरपालिका भित्र रहेको गरिवी तथा विपन्नताका कारण कृषकहरुले प्रति विरुवा ५० रुपैयाँ भन्दा बढी नगद लागत साझेदारी गर्न नसक्ने अवस्था देखिएकोले कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम कृषकको तर्फबाट व्यहोर्नु पर्ने ५०% प्रतिशत साझेदारी कृषकले विरुवाका लागि तयार पारेको खाडल, विरुवा रोप्दा खाडल पुर्ने काम, मलखाद तथा विरुवा स्याहार वापतको लागत समेतलाई आधार मानी सो कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्ने निर्णय गरियो।

14. यस नगरपालिकाको आ व २०७८।०७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत संघिय सशर्त अनुदानको ५०% लागत साझेदारीमा सञ्चालन हुने मौरीपालन कार्यक्रम ३, ५, ८, १०, १२ र १३ वडाहरुमा कार्यान्वयन गर्ने निर्णय गरियो।

15. यस नगरपालिकामा पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिम को आ व २०७८।०८९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत ५०% लागत अनुदान साझेदारीमा सञ्चालन हुने अर्गानिक पशु कार्यक्रम (खरी बाख्रा, बोका खरिद) यस नगरपालिकाको वडा नं १ र २ मा सञ्चालन हुने गरि सिफारिस गर्ने निर्णय गरियो।

16. यस नगरपालिकाको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नगरपालिका क्षेत्रका उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्नका लागि यस अघिको नगर कार्यपालिकाको बैठकबाट छात्रवृत्ति छनोट समितिलाई जिम्मेवारी दिई सो कार्य अघि बढेकोमा छात्रवृत्ति प्राप्तिका लागि इच्छुक विद्यार्थीहरुबाट आवेदनका लागि प्रकाशन गररिएको सूचना विविध कारणवश नगरपालिकाको वेभसाइट लगायतका सामाजिक सञ्जालमा अपलोड नभएका कारणबाट व्यापक रुपमा प्रचारप्रसार हुन नसकि केही लाभग्राहीहरु आवेदन दिनबाट वन्चित भएको भन्ने गुनासो प्राप्त भएकोले पुन: ७ दिनको सूचना प्रकाशन गरि सो प्रक्रिया पुन: अघि बढाउन छात्रवृत्ति छनोट समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।

17. यस नगरपालिकाको ६५ औं नगर कार्यपालकाको बैठक निर्णयानुसार नगरपालिकाका विभिन्न विद्यालयहरुको भवन तथा भौतिक पूर्वाधार निर्माणका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार ठेक्का आव्हान भएका देहायमा उल्लिखित विद्यालयको प्याकेज ठेक्का विवरण विविध कारणबश सार्वजनिक खरिद अनुमान कार्यालयको वेभसाइटमा देखा नपरेको कारण सो प्याकेज भित्रका ठेक्काहरु रद्द गर्ने निर्णय गरियो।

तपसिल

| ठेक्का नं. | विवरण |
|---|---|
| AMO/NCB/W-01/2078/079 | Construction of RCC Frame Structure School Buildings at Ward 1 and 2 Of Aathbiskot Municipality. |
| AMO/NCB/W-02/2078/079 | Construction of RCC Frame Structure School Buildings at Ward 3, 4, 5 and 6 Of Aathbiskot Municipality. |

| | |
|---|---|
| AMO/NCB/W-04/2078/079 | Construction of RCC Frame Structure School Buildings at Ward 10, 11 and 12 Of Aathbiskot Municipality. |
| AMO/NCB/W-05/2078/079 | Construction of RCC Frame Structure School Buildings at Ward 13 and 14 Of Aathbiskot Municipality. |

18. यस नगरपालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक विकास निर्माणका क्रममा घर/जग्गा जमिन गुमाएका विपन्न परिवारको बसोबास व्यवस्थापन गर्न जग्गा प्राप्तिका लागि अध्ययन गरि १० दिन भित्र यस नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने गरी तपसिलमा उल्लिखित व्यक्तिहरु सदस्य रहने गरि तीन सदस्यीय प्रतिवेदन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल:**

- संयोजक: श्री गंगाराम चनारा
- सदस्य: श्री ज्ञानु आचार्य
- सदस्य-सचिव: श्री युवराज वि.सी. (अमिन)

19. यस नगरपालिकामा **उच्च पहाडी तथा हिमाली क्षेत्र सम्वृद्धि कार्यक्रमका** लागि तपसिलमा उल्लिखित आयोजनाहरु छनोट गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन स्थान | कैफियत |
|---|---|---|---|
| १. | एकिकृत वस्ती विकास कार्यक्रम | वडा नं ६ को मन्का वगर र वडा नं ८ को चुर्तीपाखा | |
| २. | विपन्न परिवार आय आर्जन कार्यक्रम | नगरपालिकाका सबै वडाहरुमा | |
| ३. | श्री कालिका मावि सुन्दरपानी, | आनपा-९, रुकुम (पश्चिम) | २ तले ८ कोठे |
| ४. | श्री ने.रा.मा.वि. गत्तसैना | आनपा -११, रुकुम (पश्चिम) | २ तले ८ कोठे |
| ५. | श्री ज्ञानोदय मा.वि. चौतारा विद्यालय भवन निर्माण | आनपा -०४, रुकुम (पश्चिम) | २ तले ८ कोठे |
| ६. | श्री सूर्योदय मा.वि. होली | आनपा -०६, रुकुम (पश्चिम) | २ तले ८ कोठे |
| ७. | श्री हिमालय मा.वि. दाजे | आनपा -०८, रुकुम (पश्चिम) | २ तले ८ कोठे |

| | | | |
|---|---|---|---|
| ८. | श्री सिस्ने हिमाल मा.वि. साझेबगर | आनपा -०२, रुकुम (पश्चिम) | विज्ञान र कम्प्युटर प्रयोगशाला |
| ९. | तातोपानी-गिजा सिँचाई आयोजना | आनपा-९, रुकुम (पश्चिम) | |

20. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ठुलीवार्खुको भवन निर्माण गरिरहेको वि एण्ड वि विल्डर्स एण्ड सप्लायर्स, खलङ्गा-१, जाजरकोटले कोभिड-१९ लगायतका कारण समयमै निर्माण कार्य सम्पन्न हुन नसकी निर्माण कार्यको लागि म्याद थप गरि पाउन दिएकोले सो कन्स्ट्रक्सनलाई नियमानुसार गर्ने निर्णय गरियो।
21. यस नगरपालिकाको आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम संशोधन स्वीकृत गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।
22. यस नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्नका लागि **सिस्ने हिमाल तथा चित्रिपाटन क्षेत्रको विस्तृत नक्सा निर्माण गरि प्रकाशन** गर्नका लागि सेवा परामर्श खरिद गर्ने निर्णय गरियो।
23. यस नगरपालिकाको जल यातायात तथा जल पर्यटन प्रवर्द्धन के कसरी गर्न सकिन्छ ? भनी गत आ व मा **"ठूलोभेरी नदीमा जलयात्रा सम्भाव्यता अध्ययन योजना निर्माण कार्यक्रम"** विषयमा सेवा परामर्श खरिद गरि सो कार्य सम्पन्न समेत भई सकेको हुनाले सो को भुक्तानी कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।
24. यस नगरपालिकाको आ व २०७८।०७९ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत वडा नं १३ को " **वडा कार्यालयको जग्गा खरिद**" शिर्षकमा विनियोजित बजेट शिर्षक सोही वडाको **"गौल्या गरेना कृषि सडक निर्माण"** हुने गरि शिर्षक संशोधन गर्ने निर्णय गरियो।
25. यस नगरपालिकाको नगर अस्पतालको तत्काल निर्माण गर्नु पर्ने केही कार्यहरु यस नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ अनुसार नगर प्रहरी मार्फत गराउन कार्यदेश दिने निर्णय गरियो।
26. यस नगरपालिकाको वडा नं ११ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको **फारुलाखोला डाँडागाउँ सार्कीबारा लेख टोल सडक निर्माणको** बजेट लागत बढी भएकोले मानिसद्वारा नयाँ ट्र्याक खोल्न असम्भव भएकोले ठुला मेसिन उपकरण प्रयोग गर्नै पर्ने बाध्यता भएकोले सो आयोजनामा मेसिन उपकरण प्रयोग गर्न दिने निर्णय गरियो।
27. यस नगरपालिकाको वडा नं १२ को **त्रिवेणी आ.वि. स्यानीवार्खुको** गत आ व २०७७।०७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत निर्माणाधिन भवन निर्माणको बाँकी कार्यको प्राविधिक लागत अनुमान तयार गरि सम्झौता गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो।
28. जिल्ला खेलकुद विकास समिति, रुकुम (पश्चिम)लाई पालिका स्तरिय खेलकुद कार्यक्रम सञ्चालनमा भएको खर्च वापत एक लाख रुपैयाँ मात्र **कार्यक्रम खर्च शिर्षकबाट** भुक्तानी दिने निर्णय गरियो।
29. आठविसकोट नगरपालिकाको स्वास्थ्य नीति, २०७८ आगामी नगरसभामा पेश गर्ने गरी स्वीकृत गरियो।

30. यस नगरपालिकाको वडा नं-११ स्थायी ठेगाना भएकी लैङ्गिक हिंसा पिडित वालिका **श्री मनिषा सेर्पालीलाई** यस नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोषबाट **पचास हजार नगद** सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

31. विशाल र विकट भूगोल रहेको यस नगरपालिकामा रहेको इलाका प्रहरी कार्यालय, आठविसकोट रुकुम (पश्चिम) मा कार्यरत नेपाल प्रहरीलाई सुरक्षा गतिविधि सञ्चालनका लागि यातायातका साधन (एक वटा मोटरसाइकल र एक वटा जीप) माग भई आएकोले यस नगरपालिकाको नाममा रहेको **रा १ ब ९३८** नं को मोटर साइकल र **बा २ झ ३१७४** नं को बोलेरो गाडी इलाका प्रहरी कार्यालय, आठविसकोट रुकुम (पश्चिम) लाई गत आ व मा नै हस्तान्तरण गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

32. यस नगरपालिकाको **बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधी, २०७८** पारित गरियो ।

33. यस नगरपालिकाको **बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधी,२०७८** को परिच्छेद-६, दफा १८ (१) अनुसार देहाय बमोजिमका सदस्यहरु रहने गरी नगर बाल अधिकार संक्षरण समिति गठन गरियो ।

तपसिल

- अध्यक्ष - श्री गीता नेपाली
- सदस्य - श्री मणि राज शाह
- सदस्य - श्री सीता शाह
- सदस्य - श्री पर्शुराम चौधरी
- सदस्य - श्री विजय कुमार ओली
- सदस्य - श्री प्रेम प्रकाश रोकाय
- सदस्य - श्री इन्द्र बहादुर विष्ट
- सदस्य - श्री धन कुमारी शाही
- सदस्य - श्री रतिभान नेपाली
- सदस्य - श्री शेर बहादुर ओली
- सदस्य सचिव - श्री लीला ओली

२०७८।१०।२४

मणि राज शाह
प्रमुख प्रशासकीय अधिकृत

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)

( दफा १८ को उपदफा १ को **ग, ञ** तथा **ट** अनुसारका सदस्यहरु पछि थपिने )

34. यस नगरपालिकाको वडा नं ४ स्थित आत्रेय ऋषि मन्दिर क्षेत्रको पर्यटन पूर्वाधार निर्माणको मुख्य मन्दिर निर्माण बाहेक अन्य पूर्वाधार निर्माणका लागि आवश्यक खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।
35. यस नगरपालिकाको वडा नं ९ को राडी बजारमा श्री सहिद स्मृति माध्यमिक विद्यालयको ठेक्का नं. **NCB/AMOW-18/2076/07.Constructions** को निर्माणाधिन भवनको दोस्रो तला थप गर्नु पर्ने भएकोले भवन निर्माणका लागि भएको सम्झौता रकममा २५% नबढ्ने गरि भेरीयसन गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।
36. यस नगरपालिकाका सबै बस्तीहरुमा खानेपानी तथा सिँचाईका समस्या समाधानका लागि खरिद भएको पाइप मध्ये केही पाइप वडा कार्यालयमा हस्तान्तरण गरी पठाउने र सम्बन्धित वडा कार्यालयले प्राप्त पाइप वडाध्यक्ष, वडा सचिव र वडा समितिका सदस्यहरुको रोहवरमा प्राविधिक लागत अनुमानको आधारमा वितरण गर्ने /गराउने निर्णय गरियो ।

<u>आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।</u>

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत